मार्मा गाउँपालिका राजपत्र

खण्डः५ संख्याः ३ मितिः २०७८/१२/२५

भागः१

# विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८

## मार्मा गाउँपालिका

## लटिनाथ दार्चुला

## सुदूरपश्चिम प्रदेश,नेपाल

# विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८

**प्रस्तावनाः**

मार्मा गाउँपालिका भित्र विपद् व्यवस्थापनका सम्पुर्ण क्रियाकलापहरुलाई समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाहरुको संरक्षणका लागि स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) को अधिकार प्रयोग गरी मार्मा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** "अध्यक्ष" भन्नाले मार्मा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

**(ख)** "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

**(ग)** "प्राकृतिक विपद्" भन्नाले अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूःस्खलन, डुबान, खडेरी, असिना, आँधी, हुरीबतास, चटयाङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो, वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

**(घ)** "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लूः, प्यान्डामिक फ्लूः, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औधोगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना, डढेलो वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

**(ङ)** "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(च)** "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम दार्चुला जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

**(छ)** "राष्ट्रिय परिषद" भन्नाले संघिय ऐनको दफा ३ (२) बमोजिमको परिषद सम्झनु पर्छ ।

**(ज)** "प्रदेश परिषद" भन्नाले संघिय ऐनको दफा १३ क (१) बमोजिमको परिषद सम्झनु पर्छ ।

**(झ)** "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ (१) बमोजिम सूदुरपश्चिम प्रदेशमा गठन भएको समितिलाई सम्झनु पर्छ ।

**(ञ)** "कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ (२) बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

**(ट)** "प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

**(ठ)** "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मार्मा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

**(ड)** " विपद् " भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीवनयापन गर्न र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक र गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

**(ढ)** "विपद् जोखिम न्यूनिकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

**(ण)** "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासंग सम्बन्धित कार्य सम्झनु पर्छ ।

**(त)** "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले प्रतिकार्यको पूर्वतयारीलाई समेत जानाउँछ ।

**(द)** “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य, र विपद् पूनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

**(ध)** “विपद् खोज तथा उद्धार समुह” भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशिल वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टिकृत खोज तथा उद्धार समुह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

**(न)** “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

**(प)** “समिति” भन्नाले यस ऐनको दफा ३ (२) बमोजिमको मार्मा गाउँपालिका विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

**(फ)** “संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनु पर्छ ।

**(ब)** “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन हेर्ने गरी तोकिएका मन्त्रालय सम्झनु पर्छ ।

**(भ)** “प्रदेश मन्त्रालय” भन्नाले सूदुरपश्चिम प्रदेश सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालयलाई सम्झनु पर्छ ।

**(म)** “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**३. समितिको गठनः** (१) गाउँपालिका भित्रको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

**(क)** गाउँपालिका अध्यक्ष –अध्यक्ष

**(ख)** गाउँपालिका उपाध्यक्ष –सदस्य

**(ग)** विषयगत क्षेत्र सम्वन्धित समितिका संयोजक –सदस्य

**(घ)** प्रमुख प्रशासकिय अधिकृत –सदस्य

**(ङ)** योजना शाखा प्रमुख –सदस्य

**(च)** प्राविधिक शाखा प्रमुख –सदस्य

**(छ)** स्वास्थ्य शाखा प्रमुख –सदस्य

**(ज)** गाउँपालिका प्रहरी प्रमुख –सदस्य

**(झ)** नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधी –सदस्य

**(ञ)** विपद् व्यवस्थापको जानकार, गैर–सरकारी संस्था तथा सामाजिक क्षेत्रमा क्रियाशील संघ–संस्थाहरु मध्येबाट अध्यक्षबाट मनोनित

१ जना –सदस्य

**(ट)** विपद् व्यवस्थापन शाखाइकाई /प्रमुख –सदस्य सचिव

**(३) उपदफा (२)** बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रुपमा काम गर्नेछ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) अध्यक्षले तोकेको मिति, सयम र स्थानमा समितिको बैठक बस्नेछ ।

**(२)** समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूचि सहितको सूचना बैठक बस्ने समय भन्दा चौविस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

**(३)** समितिको नियमित बैठक तिन महिनामा एक पटक बस्नेछ र समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**(४)** उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

**(५)** समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

**(६)** समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

**(७)** समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(८)** समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(९)** समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**५. समितिको काम, कर्तब्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन परिषद् र प्रदेश कार्यकारी समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यापालिका समक्ष पेश गर्ने,

**(ख)** गाउँसभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनिकरणका लागि विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी एकिकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम स्वीकृत गरी लागु गर्ने, गराउने,

**(ग)** गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

**(घ)** विपद् व्यवस्थापनको क्षेत्रमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

**(ङ)** गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंमसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

**(च)** विपद्का घटना हुनासाथ खोज तथा उद्धार र राहत लगायतका कार्यहरु तत्काल गर्न संस्थागत संयन्त्र स्वतः परिचालित हुनसक्ने गरी आवश्यक कार्यविधि र मापदण्ड निर्माण गरी लागु गर्ने, गराउने,

**(छ)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा संघिय कानुन र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी संस्था लगायत सबैले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धीका विषयहरुलाई समावेश गर्न लगाउने,

**(ज)** विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

**(झ)** सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंमसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

**(ञ)** भौतिक संरचना निर्माण गर्दा भवन सहिंता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

**(ट)** स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

**(ठ)** नदी तटिय क्षेत्र, बगर, पहिरो जानसक्ने भिरालो जमिन र बाढीका कारण डुबान हुनसक्ने असुरक्षित स्थानमा बसोबास गर्ने परिवार वा समुदायलाई उपयूक्त सुरक्षित स्थानमा स्थानान्तरण गराउन सुरक्षित स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

**(ड)** विपद्का कारण स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाह तथा सेवा सुचारु हुनमा अवरोध आएमा सोको पुनः निरन्तरताका लागि योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने,

**(ढ)** स्थानीय समुदायलाई विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना र कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्य गर्नका लागि परिचालित हुन वडा र समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

**(ण)** विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

**(त)** विपद् प्रतिकार्यका लागि आपत्कालीन कृत्रिम घटना नमुना अभ्यास गर्ने, गराउने,

**(थ)** विपद्को समयमा प्रयोग गर्न सकिने उपकरणहरु तयारी हालतमा राख्न लगाउने,

**(द)** स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

**(ध)** गाउँपालिका तहमा विपद् व्यवस्थापन, सुचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने/गराउने,

**(न)** विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

**(प)** विपद्का घटनाबाट हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

**(फ)** विपद्द्वारा प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय–पत्र वितरण गर्ने, गराउने,

**(ब)** विपद्को समयमा उच्च जोखिममा रहने समुह विशेषगरी महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनैपनि किसिमको शोषण) रोकथामका लागि विशेष सतर्कता अपनाई सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

**(भ)** विपद् प्रभावितको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनरुत्थान,पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनको लागि आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

**(म)** विपद्का कारण जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा आपङ्गता

भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

**(य)** सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम विपद् व्यवस्थापन सम्बन्धमा कार्य गरे नगरेको अनुगमन गर्ने,

**(र)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार र गाउँसभाले तोकेका अन्य कार्यहरु गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनरुथापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

**(व)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सम्बन्धमा संघीय र प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

**(श)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकुल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

**(ष)** विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत सहयोग तथा पुनर्निर्माण र पुनर्लाभका कार्यलाई गाउँपालिका विपद् व्यवस्थापन समितिले तोकेको स्थानमा तोकिएको मापदण्ड बमोजिम गर्ने, गराउने,

## परिच्छेद – ३

## वडा स्तरिय विपद् व्यवस्थापन समितिको गठन तथा काम कर्तब्य र अधिकार

**६. वडा स्तरिय विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिकाको प्रत्येक वडामा वडा अध्यक्षको संयोजक त्वमा एक वडास्तरिय विपद् व्यवस्थापन समिति रहनेछ ।

**(२)** वडा स्तरिय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

**(क)** वडा अध्यक्ष – संयोजक

**(ख)** वडा सदस्यहरु – सदस्य

**(ग)** वडाभित्र रहेका विषयगत शाखा/कार्यालय प्रमुख – सदस्य

**(घ)** गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था तथा युवा क्लबबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ जना महिला सहित ३ जना –सदस्य

**(ङ)** सम्वन्धित वडाको वडा सचिव –सदस्य सचिव

**(३)** उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**(४)** समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूचि सहितको सुचना बैठक बस्ने समयभन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

**(५)** समितिको नियमित बैठक दुई महिनामा एक पटक बस्नेछ र समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

**(६)** उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्कालै बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ । त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

**(७)** समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र समितिको निर्णय बहुमतद्वारा हुनेछ । मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ ।

**(८)** समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघसंस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**(९)** समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(१०)** समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरेर राख्नेछ ।

**७. वडा स्तरिय विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(क)** वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँपालिका विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना

अनुरुपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

**(ख)** वडामा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने,

**(ग)** विपद् व्यवस्थापनको सम्बन्धमा वडामा संस्थागत क्षमता विकास गर्ने,

**(घ)** समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समुहहरुको गठन तथा त्यस्ता समुहहरुलाई परिचालन गर्ने, गराउने,

**(ङ)** वडा सदस्यहरु, कर्मचारी, स्वयंमसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

**(च)** स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

**(छ)** विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नका लागि समन्वय गर्ने,

**(ज)** आपत्कालिन कृत्रिम घटना नमूना अभ्यास गर्ने, गराउने,

**(झ)** विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय–पत्र वितरणमा स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

**(ञ)** विपद्को समयमा जोखिममा रहेका समुह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरुमा हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनैपनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

**(ट)** स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

## परिच्छेद – ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) मार्मा गाउँपालिकाले विपद् व्यवस्थापनको कार्यमा नेपाल सरकार र प्रदेश सरकारले परिचालन गरेको संघीय तथा प्रादेशिक सुरक्षा निकायहरुलाई सहयोग र समन्वय गर्नेछ ।

**(२)** सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामग्री तत्काल उपलब्ध गराईने छ ।

**(३)** विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आफूसँग रहेको गाउँपालिका प्रहरीलाई परिचालन गर्नेछ ।

**९. वारुण तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तब्य र अधिकारः** (१) वारुणयन्त्र, एम्बुलेन्स तथा अन्य त्यस्तै सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

**(२)** आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम रहनेछ,

**(क)** आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

**(ख)** तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

**(ग)** आफ्ना कर्मचारी तथा कामदारलाई विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा आधारभूत अभमिुखीकरण गर्ने, गराउने,

**(घ)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

**(ङ)** आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

**(च)** सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्याउने,

**(छ)** विपद् जोखिम न्यूनिकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

**(ज)** फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु अपनाउने,

**(झ)** विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने,

**(२)** मार्मा गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानहरुले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

**११. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा सहयोग गर्नुपर्नेः** मार्मा गाउँपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघसंस्था, समुदाय, स्वयमसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः

**(क)** तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुन निर्माण लगायत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

**(ख)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

**(ग)** क्षमता विकास, आपत्कालीन कृत्रिम घटना नमूना अभ्यास तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

**(घ)** खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने,

## परिच्छेद –५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**१२. विपद् व्यवस्थापन कोषः** (१) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि गाउँपालिकामा एउटा छुट्टै कोष रहने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छनः

**(क)** मार्मा गाउँपालिकाको वार्षिक बजेटबाट विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

**(ख)** प्रदेश सरकारबाट विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि प्राप्त रकम,

**(ग)** नेपाल सरकारबाट विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि प्राप्त रकम,

**(घ)** स्वदेशी कुनै संघसंस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

**(ङ)** अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**(३)** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि मार्मा गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

**(४)** कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**(५)** कोषको रकम विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

**(६)** उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम नियमित प्रशासनिक कार्यका लागि खर्च गरिने छैन ।

**(७)** कोषको लेखापरिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**(८)** समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँपालिकाको सभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद–६

## कसूर तथा सजाय

**१३. कसूर तथा सजायः-** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफूलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा

संघीय कानून बमोजिम कसूरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद–७
## विविध

**१४.विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः** (१) नेपाल सरकारले मार्मा गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भिर प्रकृतिको विपद्को घटना घटेमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ।

**(२)** उपदफा (१) बमोजिम संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिकाको क्षेत्र भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक सम्न्वय गर्नेछ ।

**(३)** उपदफा (१) बमोजिम संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र सम्न्वय गर्नेछ

**१५. नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्नेः** (१) विपद् प्रभावित कुनै क्षेत्रमा विदेशी नागरिक वा संघ––संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएर मात्र प्रवेश गर्नु पर्ने छ र सो सम्बन्धमा गाउँपालिकाले सोधखोज गर्न सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

**१६.मानवीय तथा अन्य सहायता र समन्वयः** (१) मार्मा गाउँपालिका भित्र उत्पन्न विपद्को तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट सम्भव नभएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

**(२)** विपद्द्वारा उत्पन्न स्थिती नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तराष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन

गरेको अवस्थामा नेपाल सरकारको निर्देशन अनुसार तत् सम्बन्धी कार्यमा सहयोग र सम्न्वय गरिनेछ ।

**(३)** छिमेकी स्थानीय तहमा कुनै विपद्को घटना भई सो को व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु गाउँपालिकाको दायित्व हुनेछ ।

**१७.तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः (१)** विशेष परिस्थिति उत्पन्न भई विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन र थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम गाउँपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

**(२)** विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन र भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी संस्थाको कार्यालय वा अन्य संघ–संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधीभरका लागि अस्थायी रुपमा प्राप्त गर्न सकिनेछ ।

**(३)** विपद् प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी संस्थाको कार्यालय वा अन्य संघ–संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

**(४)** मार्मा गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रणमा लिई वितरण गरेमा त्यस्तो सम्पत्ति वा वस्तुको प्रयोग वा उपयोग गरे बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था तथा व्यक्तिलाई उपलब्ध गराईनेछ।

**१८.राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने

राहतको अतिरिक्त गाउँपालिकाले थप राहत उपलब्ध गराउन सक्नेछ ,

**(२)** उपदफा (१) बमोजिम मार्मा गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा आवश्यक मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ,

**(३)** उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः

**(क)** विपद्वाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी,

**(ख)** विपद्द्वारा मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

**(ग)** महिला, बालबालिक, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु, महिलाहरुको लागि सुरक्षित महिलामैत्री स्थल,

**(घ)** व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

**(ङ)** न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

**(च)** गैर–सरकारी संथा वा व्यक्तिगत रुपमा दिइने राहतको वितरण सम्बन्धी,

**(छ)** एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

**(ज)** राहतसँग सम्बन्धित अन्य उपयूक्त विषय ।

**१९.विपद् परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमाः** विपद् परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्णरुपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**२०.निर्देशन दिन सक्नेः** समितिले यस ऐनको अधीनमा रही विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**२१. उपसमिति गठन गर्न सक्नेः (१)** मार्मा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

**(२)** उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

**२२.अभिलेख राख्नु पर्नेः** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध गराईएको राहत तथा सोको परिमाण सहितको विवरण अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

**(२)** उपदफा (१) बमोजिमको विवरण राख्दा विपद् परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरुलाई उपलब्ध गराइएको राहत स्पष्ट रुपमा राख्नु पर्नेछ ।

**२३.पुरस्कार दिन सक्नेः** स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा विशेष योगदान पु¥याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिसमा गाउँकार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२४.वार्षिक प्रतिवेदनः** (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

**(२)** उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

**२५.प्रशासनिक खर्च व्यवस्थापनः** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्रशासनिक खर्च गाउँकार्यपालिकाले व्यवस्था गर्नेछ ।

**२६.अधिकार प्रत्यायोजनः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२७. नियम बनाउने अधिकारः** मार्मा गाउँकार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

**आज्ञाले**
**राम कुमार राना**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**